# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## लालबन्दी नगरपालिका

### सर्लाही




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## लालबन्दी नगरपालिका
### सर्लाही




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## लालबन्दी नगरपालिका

### सर्लाही

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय, मधेश प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सर्लाही ।

**कैफियत सहितको राय**

हामीले लालबन्दी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २ करोड ७१ लाख ४ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. २१ हजार फस्योंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १ करोड ९ लाख २८ हजार, नियमित गर्नुपर्ने रु. ३ लाख ८६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३४ लाख ३८ हजार र पेश्की रू. २३ लाख ३१ हजार रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु. ३३ करोड ७६ लाख १५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ३६ करोड ४६ लाख ९८ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

## लालबन्दी नगरपालिका, सर्लाही

### १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३३ | १९२ | २७१०४ | ० | १ | २१ | ३३ | १९१ | २७०८३ | १०९२८ | ३८६ | १३४३८ | ० | ० | १३८२४ | २३३१ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ४० | शैक्षिक भ्रमण वापत बढी खर्च रकम असुल भई फस्यौंट | २०६०० |

### २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लालबन्दी नगरपालिका, सर्लाही | ४३१७८१ | ० | ९४१६६ | ३३७६१५ | ० | २७०८३ | ३६४६९८ |

# आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः** २०७८/७९

**कार्यालय र स्थान :** लालबन्दी नगरपालिका, सर्लाही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | वासुदेव तिमल्सिना | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नेत्र बहादुर पाख्रिन | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २७,०८२,६९४ |

**स्थानीय तह :**

| **गत बर्षको जिम्मेवारी** | | | १४,६७,९२,०७१.०२ |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५७,४१,१०,४०७ | **चालु खर्च** | ६९,८०,२४,३५३.८ |
| **प्रदेश सरकारबाट अनुदान** | १,५१,३२,१२४ | **पूँजीगत खर्च** | ३७,४८,०२,३९३.३ |
| **राजश्व बाँडफाँट** | १४,५३,२१,७४०.६४ | **वित्तीय/अन्य व्यवस्था** | १,३३,५६,९२६.१६ |
| **आन्तरिक आय** | १२,३५,४८,८९५.१३ | | |
| **अन्य आय** | २६,७५,९०,५२७.२ | | |
| **कुल आय** | १,१२,५७,०३,६९३.९७ | **कुल खर्च** | १,०८,६१,८३,६७३.२६ |
| **बाँकी मौज्दात** | | | १८,६३,१२,०९१.७३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिकामा १७ वडा, २३८.५ वर्ग किलोमिटर क्षेत्रफल तथा ६७५०७ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण -** यस नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।९।२४ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुल -** लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. ५६,५१,२११ असुली भई सञ्चित कोष दाखिला भएको छ। | |

| विवरण | रकम |
|---|---|
| सामाजिक सुरक्षा भत्ता ६ जना | ३५१९३ |
| विपन्न परीवारलाइ राहत - कोभिड | १६०००० |
| तिन विद्यालयमा तलब बढी निकासा | ३४०९१५ |
| तोकिएको समयमा निर्माण सम्पन्न नगर्ने विधालयवाट | ३०४६१०८ |
| सामाजिक सुरक्षा भत्ता वापत सिद्धार्थ बैंक | २०६८९९५ |
| जम्मा | ५६५१२११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तिय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छः | |

**प्राप्ति भुक्तानी हिसाव**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्रासी (क+ख) | | ९७५००५७८२.५२ | ८३५३४३२१६.९१ | | ८३५३४३२१६.९१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ९६४५१८०४१.०० | ८३५३४३२१६.९१ | ०.०० | ८३५३४३२१६.९१ |
| कर | ११ | १८४५४२८३१.६० | १६५३०७४७५.६६ | ०.०० | १६५३०७४७५.६६ |
| अनुदान | | ६५९१४९०००.०० | ५६६४७२५८१.१४ | ०.०० | ५६६४७२५८१.१४ |
| संघीय सरकार | १२ | ६१४६४६०००.०० | ५३०५१०३८६.५३ | ०.०० | ५३०५१०३८६.५३ |
| प्रदेश सरकार | १२ | १९४०३०००.०० | १५१३२१२४.०० | ०.०० | १५१३२१२४.०० |
| बैदेशिक श्रोत | १२ | ३६०००००.०० | ०.०० | ०.०० | ०.०० |
| जनसहभागिता | | २१५०००००.०० | २०८३००७०.६१ | ०.०० | २०८३००७०.६१ |
| अन्य राजस्व | | १२०८२६२०९.४० | १०३५६३१६०.११ | ०.०० | १०३५६३१६०.११ |
| ख. अन्य प्राप्ति | | १०४८७७४१.५२ | | | |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | १०४८७७४१.५२ | ०.०० | ०.०० | ०.०० |
| धरौटी | | ०.०० | ०.०० | ०.०० | ०.०० |
| संघीयप्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | १११४७८९७०९.५२ | ८१०६५१४२३.५० | | ८१०६५१४२३.५० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ११०४३०१९६८.०० | ८००३९९९२८.७० | | ८००३९९९२८.७० |
| पारिश्रमिक / सुविधा | १८ | २८०२५८७९०.०० | २५४८६०१८०.७१ | ०.०० | २५४८६०१८०.७१ |
| मालसामान तथा सेवाको उपयोग | १८ | १४४५३४२४०.०० | ११०९४९२६८.७२ | ०.०० | ११०९४९२६८.७२ |
| ब्याजसेवा शुल्क तथा बैंक कमिशन | १८ | ५००००००.०० | ५००००००.०० | ०.०० | ५००००००.०० |
| सहायता (क्गदकष्पथ० | १८ | ४२६३३०००.०० | ३५८०६००६.०० | ०.०० | ३५८०६००६.०० |
| सामाजिक सुरक्षा | १८ | २४८७८०००.०० | २२९०५३३०.०० | ०.०० | २२९०५३३०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| अन्य खर्च | १८ | १३०००००.०० | १०५३६५२.०० | ०.०० | १०५३६५२.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ६०५६९७९३८.०० | ३६९८२५४९१.२७ | ०.०० | ३६९८२५४९१.२७ |
| ३३००० दायित्व | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| घ. अन्य भूक्तानी | | १०४८७७४१.५२ | १०२५१४९४.८० | | १०२५१४९४.८० |
| कोषहरु | | १०४८७७४१.५२ | १०२५१४९४.८० | ०.०० | १०२५१४९४.८० |
| धरौटी | | ०.०० | ०.०० | ०.०० | ०.०० |
| संघीयप्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | ९१३९७८३९२७.००) | २४६९१७९३.४१ | | २४६९१७९३.४१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १२४९८३७९०.०२ | | १२४९८३७९०.०२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ९१३९७८३९२७.००) | १४९६७५५८३.४३ | | १४९६७५५८३.४३ |
| बैंक तथा नगद बाकी | २४ | | १४९६७५५८३.४३ | | १४९६७५५८३.४३ |

५

**वित्तीय विवरण**- नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।नगरपालिकाले आर्थिक कारोवार लेखा राख्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) तयार गर्नुपर्छ । तर नगरपालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२२,०६,८१,३६७.७ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले नगरपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ नगरपालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

६

**फरक हिसाव**- यस नगरपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा नगरपालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु२,१८,०८,२८१ , यस वर्षको प्राप्ति रु. २९,०३,६०,४७६.९९ यस वर्षको भुक्तानी रु.२७,५५,३२,२४९.८ र बैङ्क मौज्दात रु.३,६६,३६,५०८.२५ फरक परेको छ । सुत्रमा नगरपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले नगरपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बैङ्क मौज्दात |
|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>१२४९८३७९०.०२</td><td>८३५३४३२१६.९१</td><td>८१,०६,५१,४२३.५०</td><td>१४,९६,७५,५८३.४३</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरण अनुसार</td><td>१४६७९२०७१.०२</td><td>११२५७०३६९३.९</td><td>१०८६१८३६७३.३</td><td>१८६३१२०९१.६८</td></tr>
<tr><td>फरक</td><td>२१८०८२८१.</td><td>२९०३६०४७६.९९</td><td>२७५५३२२४९.८</td><td>३६६३६५०८.२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>फरक जिम्मेवारी- नगरपालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात रु.१४,४३,६०,७४८.६८ रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु.१४,६७,९२,०७१.०२ जिम्मेवारी सारेको तथा मलेप फरम २७२ मा १२,४९,८३,७९०.०२ जिम्मेवारी सारेको छ । यसरी गत वर्षको एकीकृत आ वि भन्दा सुत्रमा रु २,१८,०८,२८१ घटी जिम्मेवारी सारेको छ । कार्यालयले धरौटी तर्फको जिम्मेवारी, आम्दानी, फिर्ता र बाँकीको सुत्रमा प्रविष्टी गरेको छैन।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>बैङ्क हिसाव विवरण- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार नगरपालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । नगरपालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार रु.२,७७,७१,३८०.३ फरक परेको छ । नगरपालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।
<table>
<tr><th>खाता</th><th>स्रेस्ता अनुसार मौज्दात रु.</th><th>बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.</th><th>फरक रु.</th></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>६२३२७५१२.३०</td><td>६२७१५५१२.३</td><td>३८८०००.</td></tr>
<tr><td>चालु खर्च खाता</td><td>११२८५७६९.४५</td><td>११२९५६६९.४५</td><td>९९००.</td></tr>
<tr><td>पुँजीगत खर्च खाता</td><td>८५०३६६०६.९६</td><td>८५३७२१३०.९६</td><td>३३५५२४.</td></tr>
<tr><td>विविध कोष खाता (कल्याणकारी)</td><td>०</td><td>२०७४९९३</td><td>२०७४९९३.</td></tr>
<tr><td>नगरस्तरीय सरसफाइ समिति</td><td>०</td><td>१६७०१७</td><td>१६७०१७.</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>धरौटी मौज्दात</td><td>०</td><td>२४७९५९४६.२५</td><td>२४७९५९४६.३</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२७७७१३८०.३</td></tr>
</table>
सुत्रमा राजस्व/अनुदान खाता बाट रु ८७,८९,४३,२३७.३८ ट्रान्सफर गरेकोमा संचितकोषमा रु ८८,८१,५३,७८९.३८ आम्दानी जनाएको छ जसले गर्दा बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता] रु (९२,१०,५५२.००) रहेको उल्लेख छ । अनुदान खाताबाट ट्रान्सफर गरेको रकम बमोजिमकै संचितकोषमा प्रविष्टि गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>आर्थिक कारोबारको लेखाङ्कन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्विकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । नगरपालिकाले सन्तुलन परिक्षण- २२५, बजेट रकमान्तर/कार्यक्रम संसोधनको बिबरण- ३०४, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः<br>• नगरपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।<br>• नगरपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।<br>• सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।<br>• यस नगरपालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।<br>• नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। नगरपालिकाले भ्रमण तथा अनुगमन वापत रु.१८ लाख २४ हजार खर्च लेखेकोमा अधिकांश भुक्तानीमा अनुगमन प्रतिवेदन पेश गरेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ नगरपालिकाले रू. ३९ लाख ५ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।<br>• नगरपालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।<br>• नगरपालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।<br>• नगरपालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।<br>• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।<br>तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ११ | | | **आन्तरिक लेखापरीक्षण**- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । तर नगरपालिकाले आन्तरिक लेखापरीक्षण गराएको छैन । कार्यालयले अन्तरसरकारी अख्तीयारी तर्फको कार्यक्रमको मात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको छ । लेखापरीक्षण योजना बमोजिम नमूना छनौट गरी लेखापरीक्षण गरेको हुँदा स्रेस्ताको जोड जम्मा तर्फ कार्यालयको जोड जम्मालाई नै आधार मानिएको छ । वित्तिय समानिकरण, शसर्त, राजश्व बाँडफाँड लगायत सबै कारोवारको त्रैमासिकरुपमा आन्तरिक लेखापरीक्षण नहुनाले आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने हुनाले आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन समेत अन्तरीक लेखापरीक्षण गर्नुपर्दछ । अतः ऐन नियमको व्यवस्था अनुसार त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई नियमित र पारदर्शी बनाउनु पर्दछ । | |
| १२ | | | **जिन्सी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र भएको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः<br>**क.** कार्यालयले गत विगत बर्षको मौज्दात रहेका र यस बर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ। संघीय सरकारको निर्देशन बमोजिम अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।<br>**ख.** यस नगरपालिका अन्तर्गतका साविक गाँउ तथा नगर विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । | |
| १३ | | | **योजना तथा वजेट कार्यान्वयन**- योजना तथा बजेट कार्यान्वयनमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नगरपालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।<br>• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. ३० करोड ३१ लाख भएकोमा प्रथम त्रैमासिकमा रु. १ करोड २० लाख, दोश्रो त्रैमासिकमा रु. ४ करोड ८६ लाख , तेस्रो त्रैमासिकमा रु. ८ करोड ७१ लाख, चौथो त्रैमासिकमा रु. २२ करोड २१ लाख र असार महिनामा मात्रै रु. १४ करोड ५७३ लाख भएको देखिन्छ । वर्षान्तको खर्च उच्च रहेको छ ।आर्थिक वर्षको अधिक खर्च गर्ने प्रवृतिमा नियन्त्रण गर्नु पर्दछ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा नगरपालिकाले ३० करोड ३१ लाख पुँजीगत खर्च गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा नगरपालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत नगरपालिकाको निर्णयबाट पुँजिगत तर्फको ४७ वटा योजना बाट ५८ वटा योजनामा रु. २ करोड ७० लाख ७४ हजार थप घट गरी रकमान्तर गरेको छ । आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।<br>उल्लेखित अवस्थाका कारण नगरपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ नगरपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ । | |
| १४ | | | **आयोजनाको प्राथमिकीरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा आवधिक योजना बनाई लागु गर्नुपर्ने विषय उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू (गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास)लाई गणना गरी ८० अंक भन्दा बढी आउनेलाई पि१ गरी योजनाको प्राथमिकता निर्धारण गरी प्राथमिकता प्राप्त-१ आयोजनामा लगानी गरी आवधिक योजनासँग सामजस्यता गर्नुपर्दछ।नगरपालिकाले आयोजना छनौट गर्दा वडागत हिसाबले र अत्यन्तै स साना टुक्रे आयोजना छनौट गरी जे जती बजेट पुग्छ त्यती नै काम गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको पाइयो । नगरपालिकाले आ.ब. २०७८।०७९ मा निम्नानुसारका आयोजनामा बजेट विनियोजन गरेको पाइयो । यसरी आयोजनाहरूको प्राथमिकिकरणका आधार अंक गणना गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी स-साना टुक्रे आयोजनामा बजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण हुनु पर्दछ । नगरसभाले पारित गरेका योजना मध्ये यो बर्ष ५० योजना कार्यान्वयन हुन सकेको पाइएन ।नगरसभाले पारित गरेका योजना | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यान्वयन हुनुपर्दछ । | |

| सि.नं. | कार्यक्रमकोनाम | योजनासंख्या | रु२लाख सम्मका योजना | रु २ देखि ५लाख सम्मका योजना | रु५देखि २० लाख सम्मका योजना | २० लाख भन्दा माथिका योजना |
|---|---|---|---|---|---|---|
| १ | नगर स्तरिय | १७३ | १८ | ८४ | ६३ | ८ |
| २ | बडा स्तरीय | ३७८ | २१० | ११५ | ५३ | ० |
| ३ | क्रमागत योजना | १०२ | ४४ | ३५ | २० | ३ |
| | जम्मा | ६५३ | २७२ | २३४ | १३६ | ११ |

१५

**गत विगतको योजनाको भुक्तानी** - स्थानीय सरकार संचलान ऐन, २०७४ को दफा २४ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन ,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।तर नगरपालिकाले विगत बर्ष देखिनै बजेट तर्जुमा गर्ने तर कार्यान्वयन हुन नसक्नाले आगामी बर्षको बजेटमा पुरानो भुक्तानी दिने गरेको छ । चालु बर्षको बजेट समयमा कार्यान्वयन नगर्नाले नगरपालिकाले बिगत ३ बर्षमा चालु प्रकृति र पुँजीगत प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्य बजेटमा रु. ९ करोड १४ लाख ७६ हजार समावेश गरी भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने र समयमै बजेट कार्यान्वयन गर्ने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ।

**रकम रु हजारमा**

| आर्थिक बर्ष | कुल बजेट | बजेटमा समावेस भुक्तानी दिन बाँकी दायित्व | बजेटमा भुक्तानी दिन बाँकी रकमको प्रतिशत |
|---|---|---|---|
| २०७६।७७ | ८९७५६३ | ३९३६३ | ४.३९ |
| २०७७।७८ | १२०९७४९ | ५०६४० | ४.१९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७८।७९ \| १२७१७७२ \| १४७३ \| ०.१२ | |
| १६ | | | **तलवी प्रतिवेदन**- निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । नगरपालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु तर्फको स्वास्थ्यको कर्मचारीको रु.२,९२,५६,१८४.४० शिक्षातर्फ रु.१६,३३,५४,६७३.४ र नगरपालिकाका चालु तर्फको रु. २,२३,५९,२७९.७९ गरी रु.२१,४९,७०,१३७.१९ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा ग्रेड बृद्धि लगायत तलब भत्ता खर्च यकिन हुन नसक्ने भएकाले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| १७ | | | **गुणस्तर परीक्षण**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा अधिकांशमा गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ । | |
| १८ | | | **प्रकोप व्यवस्थापन कोष**- नगरपालिकाले वडा नं ९ स्वास्थ्यचौकी भवनमा अक्सीजन ग्याँस प्लान्ट भवन निर्माण वापत सन्ध्या निर्माण निर्माण सेवालाइ रु ४,९०,०४४,अक्सीजन पाइप लाइन विस्तार वापत मेडिलाइन सर्भिस प्रा लि लाइ रु १५,९४,८७० र प्लान्ट निर्माण वापतको निर्माण व्यावसायी लक्ष्मीनारायण महादेव निर्माण सेवालाइ रु २,६९,७३४ समेत रु २३,५४,६४८ भुक्तानी भएको छ ।तर उक्त स्थानमा ट्रान्सफरमर जडान नभएकोले हालसम्म उक्त प्लान्ट संचालनमा आएको छैन।ट्रान्सफर्मरको व्यवस्था गरी उक्त प्लान्ट संचालनमा ल्याउनु पर्दछ । | |
| १९ | | | **धरौटी**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६४ मा धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तीगत धरौटी खाता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । सो अनुसार कार्यालयले धरौटीको व्यक्तीगत खाता र गोश्वारा धरौटी खाता तयार गरेको छैन । साथै स्थानीय तहको आम्दानी तथा खर्चको सम्पूर्ण रकम सूत्रमा अनिवार्यरुपमा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको एकीकृत आर्थिक विवरणमा धरौटीको जिम्मेवारी रु.२,१८,०८,२८१, यस बर्षको आम्दानी रु १,१०,६९,९९८ र फिर्ता रु ८०,८२,३३३ गरी रु.२,४७,९५,९४६ बाँकी रहेकोमा उक्त कारोबार सुत्रमा प्रविष्टी गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरपालिकाबाट हुने सबै आर्थिक कारोबार सुत्र मार्फत हुन पर्दछ । | |
| २० | | | **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । नगरपालिकाले निम्न संस्थालाई दिएको म्याद नाघेको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. २३,३१,०३८ बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु. | २,३३१,०३८.२२ |

| क्र.सं. | नाम | पेश्की विवरण | रकम |
|---|---|---|---|
| १ | नेपाल विधुत प्राधिकरण लालबन्दी वितरण केन्द्र | भैपरी आउने भौतिक सुधार खर्च | ९९९८५ |
| २ | नेपाल विधुत प्राधिकरण लालबन्दी वितरण केन्द्र | डोरा पुल देखी दक्षिण विद्युतीकरण | ४००००० |
| ३ | नेपाल विधुत प्राधिकरण लालबन्दी वितरण केन्द्र | तल्लो भाग्यमानिमा कृषि विद्युतिकरण | २४३५५३.२२ |
| ४ | नेपाल विधुत प्राधिकरण लालबन्दी वितरण केन्द्र | वडाको विभिन्न स्थानमा विजुली पोल व्यवस्थापन | ७००००० |
| ५ | नेपाल विधुत प्राधिकरण लालबन्दी वितरण केन्द्र | कृषि विद्युतिकरण | ८००००० |
| ६ | नाला निर्माण उपभोक्ता समिती लालबन्दी १७ | तल्लो टिकुलिया नाला निर्माण | ८७५०० |
| | | जम्मा | २३३१०३८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष निम्नानुसार फर्मलाई रु.९२,८७,५७७ पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फस्यौंट गर्नुपर्दछ । | |

| क्र.सं. | नाम | पेश्की विवरण | रकम |
|---|---|---|---|
| १ | प्रतिष्ठा कन्स्ट्रक्सन कम्पनि प्रा.लि. | मनमोहन मेमेरियल सामुदायिक अस्पताल भवन निर्माण | ५५३३६९० |
| २ | गौरी गणेश कन्सट्रक्सन | नगरपालिका अन्तर्गतको स्वास्थ्य संस्थाहरुमा कम्पाउण्ड वाल | ४२७९३५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| | | निर्माण र मर्मत | |
| ३ | प्रतिष्ठा कन्स्ट्रक्सन कम्पनि प्रा.लि. | मनमोहन मेमेरियल सामुदायिक अस्पताल भवन निर्माण | २७०३३१० |
| ४ | गौरी गणेश कन्सट्रक्सन | व्याडमिन्टन कभर्डहल निर्माण | ६२२६४२ |
| | | जम्मा | ९२८७५७७ |

२२

**सामुदायिक भवन मन्दिर तथा अन्य सार्वजनिक प्राकृतिका भवन एवं कम्पाउण्डवाल निर्माण**- स्थानीय सरकार संचालन ऐनको दफा २७ बमोजिम नगरपालिकाले नक्सापास गरेर मात्र संरचना निर्माण गर्नुपर्ने व्यवस्था छ ।तर नगरपालिकाले जग्गा सार्वजनिक रहेको प्रमाण संलग्न नहुदै र नक्सापसा वेगरनै सर्वजनिक संरचना निर्माण कार्य गर्ने गरेको छ ।निर्माण गर्ने संरचनाको ड्रईङ डिजाइन स्वीकृत नगरी प्राप्त बजेटको आधारमा लागत अनुमान तयार गर्ने र त्यसैलाई सम्पन्न देखाई, भुक्तानी गर्ने गरेको छ यसले गर्दा निर्माण आंशिक मात्र निर्माण गर्दा पछि वेवारिसे हुन सक्ने एवं आंशिक रुपमा निर्माण हुने संरचनामा क्षति पुग्न जाने अवस्थालाई ख्याल गरेको पाइएन । भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनु पर्ने एवं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिति गठन गरी उपभोक्ता मार्फत कार्य गराएको कारण सामुदायिक भवन मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्रकृतिको भवन एवं कम्पाउण्डवाल निर्माण गुणस्तर छन् र प्रकृयामा पारदर्शिता छ भन्न सकिने आधार देखिएन । तसर्थ सार्वजनिक संरचना निर्माण गर्दा सार्वजनिक स्थान, नक्सा ड्रइङ्ग, डिजाइन र नक्सा पास गरी पूर्ण संरचना निर्माण हुने सुनिश्चीतता गरि एकिकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न अवस्था र सार्वजनिक प्रयोगको सुनिश्चीतता गरी निर्माण गर्ने पर्याप्त अनुगमन र सम्वन्धीत क्षेत्रकै उपभोक्ताको अर्थपूर्ण संलग्नता हुने तर्फ ध्यान दिनुपर्ने देखिन्छ गत विगत बर्ष निर्माण कार्य भइ यो बर्ष समेत बजेट विनियोजन भएका योजनामा विगतमा के कती निर्माण कार्य सम्पन्न भएको हो सोको नापी किताव तथा कार्य मूल्याङ्कन संलग्न नहुदा यो बर्ष दोहोरो भुक्तानी भएको छैन भनी लेखापरीक्षण वाट यकिन गर्न सकिने अवस्था देखिएन तसर्थ अधुरा योजनामा थप संरचना निर्माण गर्दा अनिवार्य रुपमा विगतको नापी किताव र प्रविधिक मूल्याङ्कन समावेश हुनुपर्दछ । निर्माण गरीने भवनको नक्सा पास नगरी जग्गाको स्वामित्व यकिन नगरी नगरपालिकाले अधुरो सामुदायिक भवन निर्माण गरी भुक्तानी गरेका केही उदाहरण निम्मानुसार छन् ।

| गो भौ नं र मिति | बिबरण | निर्माण व्यवसायी | रकम |
|---|---|---|---|
| संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५।२०७९।२।२०</td><td>वडा नं १३ मा सामुदायिक भवन निर्माण</td><td>उपभोक्ता समिति</td><td>२९१५१७५</td></tr>
<tr><td>३५।२०७९।३।२३</td><td>वडा नं ६ शिब मन्दीर सामुदायिक भवन निर्माण</td><td>उपभोक्ता समिति</td><td>३३९५८५८</td></tr>
<tr><td>३६।२०७९।३।२३</td><td>वडा नं ६ गुम्वा नजिक सामुदायिक भवन निर्माण</td><td>उपभोक्ता समिति</td><td>३००००००</td></tr>
<tr><td>नगरपालिका पूजीगत</td><td></td><td></td><td></td></tr>
<tr><td>१३१।१२।१</td><td>वडा नं ५ मा निर्मललामा स्मृति प्रतिष्ठान भवन निर्माण</td><td>उपभोक्ता समिति</td><td>१२१८०४०</td></tr>
<tr><td>१५२।२०७८।१२।२०</td><td>वडा नं ५ मा अधुरो महिला सभाहल निर्माण र संरक्षण</td><td>उपभोक्ता समिति</td><td>१७०४७००</td></tr>
<tr><td>२१०।२०७९।२।१६</td><td>वडा नं १७ सुकुम्वासी टोलमा सामुदायिक भवन निर्माण</td><td>उपभोक्ता समिति</td><td>४५९८७१</td></tr>
<tr><td>२४४।२०७९।३।६</td><td>मदन आश्रित सामुदायिक भवन निर्माण</td><td>उपभोक्ता समिति</td><td>७६२४४५</td></tr>
<tr><td>२४७।२०७९।३।८</td><td>वडा नं ३ पूर्वारी टोलमा अधुरो सामुदायिक भवन निर्माण</td><td>उपभोक्ता समिति</td><td>२९०५४६</td></tr>
<tr><td>२७८।२०७९।३।२०</td><td>वडा नं १७ महिला साना किसान कृषि सहकारी संस्थाको गोदाम घर निर्माण</td><td>उपभोक्ता समिति</td><td>५७०८२७</td></tr>
<tr><td>२८०।२०७९।३।२०</td><td>वडा नं ४ एकल महिला छहारी भवन निर्माण</td><td>उपभोक्ता समिति</td><td>७९६५३४</td></tr>
<tr><td>३१९।३।२४</td><td>वडा नं ३ सामुदायिक भवन ढलान</td><td>उपभोक्ता समिति</td><td>५२०५८५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत कार्य- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष २३२ वटा उपभोक्ता समिति मार्फत काम गराइ रु.१४,८३,८३,४१९ भुक्तानी भएको देखिन्छ । उपभोक्ता समिति मर्फतको कार्यमा प्राविधि मूल्याङ्कनलाई आधारमानि नमुना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका नगरपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-<br>**क.** कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।<br>**ख.** हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सबै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।<br>**ग** योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालय विच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।<br>**घ.** उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।<br>**ङ.** उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।<br>**च.** कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।<br>**छ.** उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।<br>**ज.** उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।<br>**झ.** उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
ञ. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br>
ट सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायी संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाइ भविस्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाइ कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारीस गर्नुपर्ने व्यवस्था छ ।तर यस नगरपालिकाले उपभोक्ता समिति मार्फत गराउने गरी उपभोक्ता समितिसंग सम्झौता भएका देहायका योजना निर्माण व्यवसायी मार्फत कार्यान्वयन भएको प्राप्त विल भर्पाई वाट देखिन्छ ।उपभोक्ता समिति मार्फत काम गर्ने गरी विना प्रतिस्पर्धा काम लिने र आफुले जिम्मा लिएको काम निर्माण व्यवसायीवाट गराउन मिल्ने देखिदैन ।यस सम्वन्धी केही उदाहरण निम्नानुसार छन ।
<table>
<tr><th>गो भौ नं र मिति</th><th>योजनाको नाम</th><th>उपभोक्ता समितिको नाम</th><th>निर्माण व्यवसायीको नाम</th><th>उपभोक्ता समितिलाइ भुक्तानी रकम</th><th>निर्माण व्यवसायीको विल</th></tr>
<tr><td colspan="2">नगरपालिका पूजीगत</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१८९।१।९</td><td>वडा नं ४ मा चिरान मिल देखि हरिभवन नयाँ टोल जोड्ने सडक</td><td>वडा नं ४ मा चिरान मिल देखि हरिभवन नयाँ टोल जोड्ने सडक उस</td><td>सुकन्या बशिष्ट कन्सट्रक्सन कम्पनी</td><td>२१९२९७५</td><td>२३७३५२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>नर्म्स भन्दा बढि ईटा प्रयोग- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले भवन निर्माण , पर्खाल निर्माण ,नाला</td><td>४२६,१४८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माणमा भवन विभागको नर्म्स प्रयोग गरी इटाको गाहो लगाउने कार्यको लागत अनुमान तयार गरी सोही वमोजिम मूल्याङ्कन समेत गरी भुक्तानी गरेको छ ।भवन विभागको नर्म्समा इटाको गार्हो लगाउदा इटाको साइज अनुसार इटाको संख्या हुने उल्लेख छ । तर यस कार्यालयले जिल्लामा प्राप्त हुने ईटाको साइजमा ध्यान नदिइ ५६० इटा लाग्ने गरी लागत अनुमान तयार गरी भुक्तानी समेत सोही आधारमा गरीएको छ।जिल्लामा प्राप्त बिभिन्न ईटा भट्टाको इटाको साइज (२३*११.५*६.५ से.मी.) मा १० एम एम को मोर्टार सहित एक घनमिटरको गाह्रो लगाउदा अधिकतम ५०० ईटा लाग्ने देखिन्छ ।तर कार्यालयले कुनै आधार प्रमाण बेगर जिल्लामा उपलव्ध ईटाको साइजलाइ कुनै ध्यान नदिइ एक घनमिटरको गाह्रोमा ६० इटा बढि लाग्ने गरी लागत अनुमान तयार गरी सोही आधारमा मूल्याङ्कन समेत गरी भुक्तानी गर्नाले प्रति इटा रु १२ ले एक घन मिटर गार्होमा रु ७२० बढि भुक्तानी भएको छ । नमुना छनौट गरीएका केही योजनामा देहाय बमोजिम बढि भुक्तानी हुनाले नगरपालिकालाई देहाय बमोजिम थप व्ययभार परेको रु | |

| गो भौ नं मिति | योजनाको नाम | इटाको गाहोको परिमाण | प्रति घन मिटर बढि भुक्तानी | बढि भुक्तानी रकम |
|---|---|---|---|---|
| संघीय सरकारवाट हस्तान्तरीत कार्यक्रम | | | | |
| १५।२।२० | वडा नं १३ मा सामुदायिक भवन निर्माण | ४५.४२ घमी | ७२० | ३२९१८ |
| ३५।७।२३ | वडा नं ६ शिवमन्दीर सामुदायिक भवन निर्माण | ५७.१२ घमी | ७२० | ४११२६ |
| १०।१२।२१ | वडा नं ६ मा गुम्वा नजिक सामुदायिक भवन निर्माण | ४३.१७ घमी | ७२० | ३१४९२ |
| ११।१।७ | वडा नं ५ मा पिस पार्क निर्माण | २२.३९ घमी | ७२० | १६१२० |
| १६।३।५ | वडा नं ८ मा आधारभूत विधालय भवन निर्माण | ३९.८० घमी | ७२० | २८६५६ |
| नगरस्तरीय योजना | | | | |
| ९।६।८ | वडा नं ३ मा जनता आधारभूत विधालय भवन निर्माण | ६६.२३ घमी | ७२० | ४७६८५ |
| ६५।९।२८ | वडा नं ७ को अधुरो नाला निर्माण | २७.६० घमी | ७२० | १९८७२ |
| १२४।११।२९ | वडा नं १२ डवकाली टोलमा नाला निर्माण | २७.९५ घमी | ७२० | २०१२४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३१।१२।१</td><td>वडा नं ५ निर्मलललामा स्मृति प्रतिष्ठानको भवन निर्माण</td><td>१५.४१ घमी</td><td>७२०</td><td>११०९५</td></tr>
<tr><td>१९७।१।१९</td><td>वडा नं ६ परोपकार वाल निर्माण</td><td>२१.५७ घमी</td><td>७२०</td><td>१५५३०</td></tr>
<tr><td>२७८।३।२०</td><td>वडा नं १७ महिला साना कृषि सहकारी संस्थाको भवन निर्माण</td><td>१६.९२ घमी</td><td>७२०</td><td>१२१८२</td></tr>
<tr><td>३०३।३।२३</td><td>वडा नं १० फिल्ड संरक्षण उस</td><td>६६.६८ घमी</td><td>७२०</td><td>४८००९</td></tr>
<tr><td colspan="2">न पा पुँजिगत</td><td></td><td></td><td></td></tr>
<tr><td>२९१-३।२१</td><td>गुम्बामा पर्खाल निर्माण उ स लालबन्दी १७</td><td>१८.९</td><td>७२०</td><td>१३६०८</td></tr>
<tr><td>२५१-३।६</td><td>मदन आश्रीत सामुदायिक भवन निर्माण उ स ६</td><td>१८.२९</td><td>७२०</td><td>१३१६८</td></tr>
<tr><td>२३६-२।२६</td><td>मरिन जाने सडकमा नाला निर्माण उ स ८</td><td>५५.०६</td><td>७२०</td><td>३९६४३</td></tr>
<tr><td>१२४-११।२९</td><td>बस्तीपुरचोक दक्षिण पश्चिम नालि निर्माण उ स ९</td><td>४८.५</td><td>७२०</td><td>३४९२०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>४२६१४८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>नर्म्सको प्रयोग- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाको निर्माण कार्यको आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा कार्यालयले गर्ने निर्माण प्रकृतीसंग मिल्ने नेपाल सरकारवाट स्वीकृत नर्म्सको प्रयोग गर्नु पर्नेमा भवन निर्माणमा भवन विभागको नर्म्स प्रयोग गर्नु पर्ने र सोमा मेशिन प्रयोग हुनेमा मेशिनको दर राखि भुक्तानी गर्नु पर्नेमा कार्यालयले मेशिनको प्रयोग हुने ढलानमा समेत मानिसकै दर राखि भुक्तानी गरेको पाइयो ।जसले गर्दा PCC (1:1.5:3) ढलानमा मेशिनको दर प्रयोग गरी जिल्लाको निर्माण सामाग्रीको दररेटगिट्टी तथा बालुवाको ढुवानी सहित नगरपालिकाको दररेट राख्दा प्रति धनमिटर रु.१२,५५९ का दरले उपभोक्ता समितिलाइ भुक्तानी गर्नुपर्नेमा प्रतिघटर रु.१३,२४८ दरले भुक्तानी गरेको छ ।निर्माणको स्रेस्ता परीक्षण गर्दा उपभोक्ता समितिले मिक्सचर प्रयोग गरी ढलान गरेको फोटो संलग्न गरेको मिक्सचरको दररेट नराखी श्रमिकको दर राखेको छ। निर्माणको प्रकृति भन्दा फरक नर्म्स र अस्वभाविक दर प्रयोग गरी देहायका योजनामा भुक्तानी गर्नाले देहाय बमोजिम थप व्ययभार पारेको रु</td><td>१९१,५६९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

<table>
<tr><th>गो भौ नं र मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>परिमाण घनमिटर</th><th>भुक्तानी हुनुपर्ने प्रति घनमिटर</th><th>भुक्तानी प्रति घनमिटर</th><th>बढि भुक्तानी</th></tr>
<tr><td colspan="2">संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१५।२।२०</td><td>वडा नं १३ मा सामुदायिक भवन निर्माण</td><td>८२</td><td>१२५५९</td><td>१३२४८</td><td>५६४९८</td></tr>
<tr><td>३६।३।२३</td><td>वडा नं ६ गुम्वा नजिक सामुदायिक भवन निर्माण</td><td>६३</td><td>१२५५९</td><td>१३२४८</td><td>४३४०७</td></tr>
<tr><td>१६।३।५</td><td>वडा नं ८ आधारभूत विधालय भवन निर्माण</td><td>४९</td><td>१२५५९</td><td>१३२४८</td><td>३३७६१</td></tr>
<tr><td colspan="4">नगर स्तरीया योजना पुँजिगत तर्फ</td><td></td><td></td></tr>
<tr><td>३२४-३।२४</td><td>इनार नजिकको सामुदायिक भवन ढलान उ स लालबन्दी ३</td><td>७.८</td><td>१२५५९</td><td>१३२४८</td><td>५३७४</td></tr>
<tr><td>२४३-३।१</td><td>निर्मल लामा स्मृती प्रतिष्ठान नेपालको भवन निर्माण उ.स. लालबन्दी ४</td><td>६७.५४</td><td>१२५५९</td><td>१३२४८</td><td>४६५३५</td></tr>
<tr><td>२४०-२।३०</td><td>धुसेनी इनार खोल्सी कल्भर्ट निर्माण उ स १५</td><td>८.७</td><td>१२५५९</td><td>१३२४८</td><td>५९९४</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>न पा पूजिगत तर्फ</td><td></td></tr>
<tr><td>२६.१</td><td>३</td><td>२०७८-६-११</td><td>कार्यसम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माणकार्य सम्पन्न भए पश्चात कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । वडा नं २ मा तार पोल सार्ने कार्यको नेपाल विद्युत प्राधिकरण लालबन्दी लाइ रु ७०,००० भुक्तानी भएकोमा सो को विल भर्पाइ, प्राविधिक मूल्याङ्कन कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोमा पेश हुनुपर्ने रु.</td><td>७०,०००</td></tr>
<tr><td>२६.२</td><td>७२</td><td>२०७८-१०-१३</td><td>बढि भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा रित पुग नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पोखरी सिचाइ नहर निर्माण उपभोक्ता समिति वडा नं १३ लाइ रु ५,७०,४३१ भुक्तानी भएको छ । उक्त योजनामा ५४० rm HDPE पाइप जडान भएकोमा सोको दर विश्लेषण पेश गरेको छैन । सो कार्यमा supply and installation of gate valve को ६ वटाको रु १६,००० को दरले रु ९६,००० को मूल्याङ्कन भएकोमा उपभोक्ताले रु</td><td>३२,१९५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>५८,००३.९ बराबरको ५ सेट गेट भल्भ खरिदको विल संलग्न गरेको छ । उक्त कार्यमा १० प्रतिशत जडान खर्चले गणना गर्दा रु ६३,८०४ हुनेमा रु ३२,१९५ बढी भुक्तानी गरेको असुल हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>२६.३</td><td>३०४</td><td>२०७९-३-२२</td><td>बढी दरः सिंचाइको लागी बोरिङ्ग उपभोक्ता समिति लालबन्दी ९ लाइ ४ वटा स्यालो टयूबवेल जडान कार्य वापत रु. २,८४,४९४ को मूल्याङ्कन गरी भुक्तानी गरेको छ । उक्त योजनामा निम्नानुसारको सामाग्रीको जिल्ला दर भन्दा बढी दरमा खरिद लागत अनुमान तयारी तथा मूल्याङ्कन गरी रु. ३४,७७९ बढी भुक्तानी गरेको छ । बढी दरमा मूल्याङ्कन गरी भुक्तानी गरेको असुल हुनुपर्ने रु.
<table>
<tr><th>आइटम</th><th>खरिद परिमाण</th><th>जिल्ला दर</th><th>मूल्याङ्कन दर</th><th>बढी दर</th><th>रकम</th></tr>
<tr><td>upvc pipe 4 inch 110 mm 6 kg</td><td>१४.५</td><td>७३३</td><td>१२८७</td><td>५५४</td><td>८०३३</td></tr>
<tr><td>GI tee 4 inch</td><td>१</td><td>२८१०</td><td>३०९१</td><td>२८१</td><td>२८१</td></tr>
<tr><td>4 inch medium GI pipe 100 mm</td><td>०.७५</td><td>१२६०</td><td>१७६७.७</td><td>५०७.७</td><td>३८०.७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>८०६९.७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>४ सेट</td><td>३४७७९</td></tr>
</table></td><td>३४,७७९</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>नर्म्सको प्रयोग - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाको निर्माण कार्यको आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा कार्यालयले गर्ने निर्माण प्रकृतीसंग मिल्ने नेपाल सरकारवाट स्वीकृत नर्म्सको प्रयोग गर्नु पर्नेमा सडक र नाला निर्माणमा सडक विभागको नर्म्स प्रयोग गर्नु पर्नेमा अन्य निकायको नर्म्स प्रयोग गरेको पाइयो । जसले गर्दा PCC (1:2:4) ढलानमा सडक विभागको नर्म्स प्रयोग गरी जिल्लाको निर्माण सामाग्रीको दररेट र गिट्टी तथा बालुवाको ढुवानी सहित नगरपालिकाको दररेट राख्दा प्रति धनमिटर रु.९,४८१ का दरले उपभोक्ता समितिलाइ भुक्तानी गर्नुपर्नेमा प्रतिघटर रु.१०,३५४ देखि रु ११,०४६ सम्मको दरले भुक्तानी गरेको छ । निर्माणको स्रेस्ता परीक्षण गर्दा उपभोक्ता समितिले मिक्सचर प्रयोग गरी ढलान गरेको फोटो संलग्न गरेको मिक्सचरको दररेट नराखी श्रमिकको दर राखेको छ । निर्माणको प्रकृति भन्दा फरक नर्म्स र अस्वभाविक दर प्रयोग गरी देहायका योजनामा भुक्तानी गर्नाले देहाय बमोजिम थप व्ययभार पारेको रु</td><td>३,७११,३५२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

१ घनमिटरको लागि चाहिने दर

| | | | |
|---|---|---|---|
| Skilled man power | 0.5man day | 900 | 450 |
| Unskilled Labour | 2man day | 600 | 1200 |
| Cement | 5.5 Bag | 988.75 | 5438.12 |
| Aggregrate 40mm | 0.52 cum | 1700 | 884 |
| Aggregrate 20mm | 0.22 cum | 1725 | 573.98 |
| Aggregrate 10 mm | 0.11 cum | 1725 | 189.75 |
| Sand | 0.445 cum | 950 | 422.75 |
| Concrete mixture | 0.4 hour | 376 | 150.40 |
| Generator | 0.4hour | 432 | 172.80 |
| Rate for 1 cum | | | 9481.50 |

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | परिमाण घ.मि. | भुक्तानी हुनुपर्ने प्रति घ.मि. | भुक्तानी प्रति घ.मि. | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| नगरस्तरीय योजना | | | | | |
| २१।८।१२ | वडा नं १३ मा करमडण्डी जाने सडक ढलान | ५३ | ९४८१ | १०३५४ | ४६२६९ |
| ३८।९।१ | वडा नं १ मा सगर देवी महराको घर देखि उत्तर सडक ढलान | ४८ | ९४८१ | ११०४६ | ७५१२० |
| ४१।९।१ | वडा नं ८ बर्षा लामाको घर देखि उत्तर सडक ढलान | ७१ | ९४८१ | १०३५४ | ६१९८३ |
| ४२।९।११ | वडा नं १ ईन्द्र बमजनको टोलमा सडक ढलान | १९६ | ९४८१ | ११०४६ | ३०६७४० |
| ४५।९।१२ | वडा नं ३ सिस्वामा सडक ढलान | ५७ | ९४८१ | १०३५४ | ४९७६१ |
| ५०।९।१६ | वडा नं ४ नयाँटोलमा सडक ढलान | ४१ | ९४८१ | १०३५४ | ३५७९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५३।९।१८ | वडा नं १ बाटो ढलान | ५१ | ९४८१ | १०३५४ | ४४५२३ |
| ७४।१०।६ | वडा नं सिद्धार्थ बस्तीको सडक ढलान | ८२ | ९४८१ | १०३५४ | ७१५८६ |
| ८२।१०।१० | वडा नं ५ सुरेन्द्र सुवेदीको घर पश्चिम सडक ढलान | ६१ | ९४८१ | १०३५४ | ५३२५३ |
| ९२।१०।१३ | वडा नं ५ झिरझिरे टोलमा सडक ढलान | १०२ | ९४८१ | १०३५४ | ८९०४६ |
| १०४।१०।२८ | वडा नं २ नेत्रहरी मार्ग सडक ढलान | ४१ | ९४८१ | १०३५४ | ३५७९३ |
| ११०।११।२२ | वडा नं ७ मन्जु घिमिरेको घरपूर्व सडक | ७० | ९४८१ | १०३५४ | ६१११० |
| ११२।१२।२३ | वडा नं ३ मा नहर नजिक बस्तीमा सडक ढलान | ४० | ९४८१ | १०३५४ | ३४९२० |
| १२३।११।२९ | वडा नं ३ मा सडक ढलान | ३९ | ९४८१ | १०३५४ | ३४०४७ |
| १२५।११।३० | वडा नं ६ सडक निर्माण | १४२ | ९४८१ | १०३५४ | १२३९६६ |
| १३५।१२।२ | वडा नं ५ मोहन साहको घर उत्तर पश्चिम सडक ढलान | ६९ | ९४८१ | १०३५४ | ६०२३७ |
| १३७।१२।२ | वडा नं ७ समीकलाटोलमा सडक ढलान | १३५ | ९४८१ | १०३५४ | ११७८५५ |
| १३९।१२।७ | वडा नं १६ खुदिल बस्नेतको घर पूर्व सडक ढलान | ५२ | ९४८१ | १०३५४ | ४५३९६ |
| १४१।१२।९ | वडा नं ९ बासुको घरहुदैहरी पौडेलको घरसम्म सडक ढलान | ४३ | ९४८१ | १०३५४ | ३७५३९ |
| १५८।१२।२३ | वडा नं १३ मधुमालती टोल सडक ढलान | ६१ | ९४८१ | १०३५४ | ५३२५३ |
| १६३।१२।२४ | वडा नं ३ चन्द्रेश्वर प्रेम देवुको घर छेउमा सडक ढलान | ९८ | ९४८१ | १०३५४ | ८५५५४ |
| १७४।१।५ | वडा नं ६ त्रिलोक मार्ग सडक उस | १०१ | ९४८१ | १०३५४ | ८८१७३ |
| १८४।१।८ | वडा नं १ नाला निर्माण | १२४ | ९४८१ | १०३५४ | १०८२५२ |
| १९४।१।१९ | वडा नं ८ एक बहादुर तामङको घर देखिको सडक | १४१ | ९४८१ | १०३५४ | १२३०९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १९५।१।१९ | वडा नं ६ बराल टोलको अधुरो सडक ढलान | ६१ | ९४८१ | १०३५४ | ५३२५३ | |
| | | | २०९।२।१६ | वडा नं १३ माझीटोलमा सडक ढलान | ४१ | ९४८१ | १०३५४ | ३५७९३ | |
| | | | २१४।२।२० | वडा नं १ कैलु महतोको घर हुदै उत्तर सडक | २०८ | ९४८१ | १०३५४ | १८१५८४ | |
| | | | २२०।२।२३ | वडा नं १७ मा सडक ढलान | ६० | ९४८१ | १०३५४ | ५२३८० | |
| | | | २३१।२।३० | वडा नं १७ कालीन्जोर मा वि नजिक सडक ढलान | ५१ | ९४८१ | १०३५४ | ४४५२३ | |
| | | | २६९।३।१८ | वडा नं ८ मा मदनको घर नजिक सडक ढलान | ९९ | ९४८१ | १०३५४ | ८६४२७ | |
| | | | २८३।३।२० | वडा नं १७ फौदा सिंह मा वि वाट पश्चिम जाने सडक | ५१ | ९४८१ | १०३५४ | ४४५२३ | |
| | | | न पा पुँजिगत तर्फ | | | | | | |
| | | | २९३-३।२१ | डाँडा टोलमा सडक ढलान निरन्तरता उ स लालबन्दी १७ | १२४.२ | ९४८१ | १०३५४ | १०४७०१ | |
| | | | २५२-३।६ | बद्री देवकोटाको घर उत्तर अधुरो ढलान नरन्तरता उ स | ३०.८ | ९४८१ | १०३५४ | २५९६४ | |
| | | | २४२-२।३० | श्याम चिमरिया टोल सडक ढलान उ स लालबन्दी ६ | ७०.१ | ९४८१ | १०३५४ | ५९०९४ | |
| | | | २३६-२।२६ | मरिन जाने सडकमा नाला निर्माण उ स ८ | ३९.१ | ९४८१ | १०३५४ | ३२९६१ | |
| | | | २१७-१।२३ | सोम बहादुर मोक्ताम सडक ढलान उ स ६ | ३०.९ | ९४८१ | १०३५४ | २६०४९ | |
| | | | २१३-१।१९ | डाडाघरे जेठाको घरवाट पश्चिम सडक ढलान उस ६ | ५०.४ | ९४८१ | १०३५४ | ४२४८७ | |
| | | | २०८-१।१६ | शान्तिटोल ऋषिटोलमा सडक ढलान तथा मेजरगंजमा हयुमपाइप जडान उस | १९ | ९४८१ | १०३५४ | १६०१७ | |
| | | | १५२-१२।६ | कुमार पुरीको घर पश्चिम सडक ढलान उ स ८ | १३२.५ | ९४८१ | १०३५४ | १११६९८ | |
| | | | १४८-१२।२ | कालिन्जोर जल उ स परवानीपुर १६ | ७१.९ | ९४८१ | १०३५४ | ६०६१२ | |
| | | | १४५-१२।२ | नेवार टोल सडक ढलान उ स ८ | ५२.५ | ९४८१ | १०३५४ | ४४२५८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १२५-११।२९ | धर्मानन्द दुलालको खेत विच टोल देखी नहरसम्म नाला निर्माण उस | ११५.७ | ९४८१ | १०३५४ | ९७५३५ | |
| | | | २००-१।७ | राम वावु कार्की टोलमा सडक ढलान उ स ६ | ५१.१७ | ९४८१ | १०३५४ | ४३१३६ | |
| | | | १९५-१।७ | करैयामा लक्ष्मी चौधरीको घर अगाडी ढलान उस ४ | ५१.८७ | ९४८१ | १०३५४ | ४३७२६ | |
| | | | १९२-१।६ | सानु पाखीनको घरदेखी दर्गा देवी श्रेष्ठको घर सम्म सडक ढलान उस७ | ९०.५ | ९४८१ | १०३५४ | ७६२९२ | |
| | | | १८२-१२।२७ | वाइवा टोलमा सडक ढलान उस ८ | ५१.२ | ९४८१ | १०३५४ | ४३१६२ | |
| | | | १६६-१२।२१ | सिस्वा सडक ढलान उस ३ | ३१.२ | ९४८१ | १०३५४ | २६३०२ | |
| | | | १५९-१२।१८ | छेडा गाँउ सडक ढलान उस १३ | १०३.५ | ९४८१ | १०३५४ | ८७२५१ | |
| | | | १८-८।२० | सिस्वा सडक ढलान ३ उस | ३२.४ | ९४८१ | १०३५४ | २७३१३ | |
| | | | १३-८।१३ | सेती भिर भाटीघारी सडक ढलान उस | १२६.९ | ९४८१ | १०३५४ | १०६९७७ | |
| | | | ७५-१०।१४ | शुक्रलामाको घरदेखी नविन पोखेलको घरसम्म सडक ढलान उस | ५१.८९ | ९४८१ | १०३५४ | ४३७४३ | |
| | | | ६३-१०।१९ | सतभैया बाटो मर्मत तथा ढलान उस १५ | ३०.१५ | ९४८१ | १०३५४ | २५४१६ | |
| | | | ४५-९।१६ | नयाँटोल पिच देखी राम एकवालको घर जाने सडक निर्माण उस ४ | ३९.७ | ९४८१ | १०३५४ | ३३४६७ | |
| | | | ३६-९।११ | श्री पथरकोट गुम्वा सडक ढलान उस १३ | ७१.५ | ९४८१ | १०३५४ | ६०२७५ | |
| | | | ९०-१०।२६ | सिद्धेश्वर मन्दीर दक्षीणबाट खोलाजाने बाटो ढलान उस १६ | ५२.३ | ९४८१ | १०३५४ | ४४०८९ | |
| | | | १११-११।२५ | मेजरगंज रेलवे पुल पश्चिम नाला निर्माण उस ५ | ३९.९ | ९४८१ | १०३५४ | ३३६३६ | |
| | | | १०८-११।२५ | माझीटोल जाने बाटो सडक ढलान उस १६ | ६३.४ | ९४८१ | १०३५४ | ५३४४६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ३७११३५२ | |
| २८ | | | **न पा पुँजिगत तर्फ** | |
| २८.१ | ३०९ | २०७९-३-२३ | **बढी दर** - सर्लाहीको जिल्ला दररेटमा पि.एस.सी पोल ९ मी. को दर ८,३५० रहेको छ । लालबन्दी विभिन्न स्थानमा विद्युतिय पोल जडानको लागी रु.१७,५६,४४६.७ (मू अ कर समेत) को लागत अनुमान तयार गरी रामजानकी हयुमपाइप एण्ड इण्डष्ट्रीज प्रा.लि. नवलपुरलाई रु १६,८३,७०० भुक्तानी गरेको छ । कार्यालयले १२० थान पि.एस.सी पोलको रु. ११,३८९.२३ को दरले लागत अनुमान तयार गरेकोमा सो को दर विश्लेषण पेश गरेको छैन । जिल्ला दर अनुसार रु.८,३५० मा ढुवानी रु.७५० (५-१० कि.मी. सम्म) गरी प्रति पोल रु. ९,१०० को दरले लागत अनुमान तयार गर्नुपर्नेमा प्रति पोल रु.२,२८९.२ बढिले १२० पोलको रु.२,७४,७०४ को बढी दरमा लागत अनुमान तयार गरेको छ । उक्त आपूर्तिकर्तांले ४.१४ प्रतिशत घटीमा कबोल गरेकोमा सो अनुपात घटाइ रु २,९७,५३७.२ (मू अ कर समेत) बढी व्ययभार पर्न गएको रु. | २९७,५३७ |
| २८.२ | १६४ | २०७८-१२-२१ | **मेशिन प्रयोगमा म्यानुअल दर** - युवा खेल मैदान उपभोक्ता समिति ८ लाइ रु ७,७८,५०७ भुक्तानी भएको छ । उक्त कार्यमा site clearance, removal of herbs and grass को म्यानुअल दर रु. १२ ले ३,९६३ वर्ग मिटरको रु.४७,५५० को मूल्याङक्न भएको छ । सो कार्यको म्यानुअल दर राखी विश्लेषण तथा मूल्याङ्कन भएकोमा स्रेस्ता साथ एक्साभेटर प्रयोग भएको फोटो संलग्न गरेको पाइयो । यसरी मेशिन प्रयोग गरी निर्माण कार्य भएकोमा प्रति बर्ग मिटर रु.३.८९ ले मुल्याङ्कन गर्नुपर्नेमा म्यानुअल दरले प्रति बर्ग मिटर रु.८.११ ले बढी दरमा रु. ३२,११५ को मूल्याङ्कन गरेको पाइयो । यसरी मेशीन प्रयोग भएको निर्माण कार्यमा सोही बमोजिम मूल्याङ्कन हुनुपर्नेमा बढी दर राखी मूल्याङ्कन भएको असुल हुनुपर्ने रु. | ३२,११५ |
| २८.३ | १०६ | २०७८-११-२५ | फर्मवर्क सिंचाइ ईनार निर्माण उपभोक्ता समिति लालबन्दी ११ लाई १५ मिटर गहिराइ भएको ६ ईनार खने बापत रु.१३,९१,२२९ मूल्यांकन गरी भुक्तानी भएको छ । प्रत्येक इनार निर्माणको pcc in rcc 1:2:4 कार्यमा १.५ मि. को १० वटा सेक्सनमा फर्मा लगाइ ढलान गर्ने र पहिलो तल्लो १.५ मी. सेक्सनमा प्रयोग भएको फर्मा ढलान पश्चात निकाली त्यस भन्दा माथिल्लो सेक्सनमा प्रयोग गर्दौ लैजाने र सो कार्यको लागि जस्ताको फर्मा प्रयोग हुने प्राविधिकले जनाएको छ । यसरी एक ईनारमा १० वटा सेक्सनमा एउटै फर्मा प्रयोग हुने र सोही बमोजिम पहिलो तल्लो सेक्सनमा फर्मा खरिद र जडानको मूल्याङक्न र बाँकी माथिल्लो सेक्सनमा जडानको मात्र मूल्याङ्कन गर्नुपर्नेमा कार्यालयले १५ मी गहीराइको एकमुष्ट फर्मा खरीद तथा जडानको मूल्याङ्कन गरी १ इनारको लागी १५०.७२ बर्ग फिट फर्मवर्कको रु.९९,७७२.७८ ले ६ स्थानको लागी रु ५,९८,६३७ को | २६१,९६५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>फर्मवर्कको मूल्याङ्कन गरेको छ । उक्त उपभोक्ता समितिले ६ स्थानको लागि ९,९०० को दरले रु. ५९,४०० को फर्माको भर्पाइ पेश गरेको पाइयो । उक्त कार्यमा पहिलो १.५ मिटरको फर्मवर्क खरिद र जडानको रु. ९,९७४.०५ र बाँकी १३.५ मीटरमा जडानको रु. ४६,१३७.९ गरी एक इनारमा जम्मा रु.५६,१११.९ को दरले ६ इनारको ३,३६,६७२.७ को मूल्याङ्कन हुनुपर्नेमा रु.२,६१,९६५.५ को बढी मूल्याङ्कन भएको छ । बढी मूल्याङ्कन भएको रकम असुल हुनुपर्ने रु</td><td></td></tr>
<tr><td>२८.४</td><td>२७३</td><td>२०७९-३-१९</td><td>बढी भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा रित पुग नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देवी बन्धु थापाको धर पश्चिम नाला निर्माण कार्यमा उपभोक्ता समितिलाई रु १३,७८,४१८ भुक्तानी गरेकोमा निम्नानुसारको कार्यमा बढी दर रखी रु ४७,८२० को बढी मूल्याङ्कन भएकोमा असुल हुनुपर्ने रु.
<table>
<tr><th>काम विवरण</th><th>परिमाण</th><th>मूल्याङ्कन दर</th><th>हुनुपर्ने दर</th><th>बढी दर</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>E/W excavation</td><td>८९.१</td><td>३०९</td><td>११०</td><td>१९९</td><td>१७७३१</td><td>संलग्न फोटोमा एस्काभेटर प्रयोग भएकोमा म्यानुअल दर राखी मूल्याङ्कन</td></tr>
<tr><td>pcc 1:2:4</td><td>१३.३७</td><td>१०३५४</td><td>९४८१</td><td>८७३</td><td>११६७२</td><td rowspan="2">मिक्सचर मेशीन प्रयोग भएकोमा म्यानुअल दर</td></tr>
<tr><td>pcc 1:1•5:3</td><td>२६.७३</td><td>१३२४८</td><td>१२५५९</td><td>६८९</td><td>१८४१७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>४७८२०</td><td></td></tr>
</table></td><td>४७,८२०</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>बढी भुक्तानी - आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले मनमोहन मेमोरियल अस्पतालको प्रथम विल भौ नं ३९ मिति २०७९।३।२३ मा प्रतिष्ठा कन्सट्रक्सनलाई भुक्तानी गर्दा डण्डीको रु ८,४०,५५६ भुक्तानी गरेको छ ।जसमा 8mm inner strrups 1596*1.4*0.395 ले ८८२ केजि भुक्तानी गर्नु पर्नेमा २,०८९.१६ केजि भुक्तानी भएवाट १,२०६.५७ केजि बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको परिमाणको प्रति केजि रु ११० ले हुने रु १,३२,७२२ मा मु अ कर समेत थप गरी असुल गर्नु पर्ने रु</td><td>१४९,९७६</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>स्पेसिफिकेसन भन्दा बढि प्रयोग - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाको निर्माण कार्यको आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा कार्यालयले गर्ने निर्माण प्रकृतीसंग मिल्ने नेपाल सरकारवाट स्वीकृत नर्म्सको प्रयोग गर्नु पर्दछ । सडक</td><td>७९१,१९३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

कालोपत्रे गर्ने कार्य सडक विभागको स्वीकृत नर्म्स अनुसार गर्नु पर्दछ । स्टयाण्डर स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज २०७३ को दफा १३०२ कालोपत्रे गर्दा स्प्रे गर्नु पर्ने बिटुमिन्न को दर तोकीएको छ ।जस अनुसार प्राईम कोटगर्दा १ बर्ग मिटरको लागि अधिकतम १ लिटर र टयाक कोट १ बर्ग मिटरको लागि अधिकतम ०.६ लीटर लाग्ने उल्लेख छ । तर यस कार्यालयले सडक कालोपत्रे गर्ने कार्य गर्दा स्पेसिफिकेसनले तोकेको दर भन्दा बढि दर राखी लागत अनुमान तयार गरी सोही बमोजिम ठेक्का सम्झौता गरी देहाय बमोजिम निर्माण व्यवसायीलाइ भुक्तानी गरेको छ । स्पेसिफिकेसनले तोकेको दर भन्दा बढि दर राखी भुक्तानी गरेको रकम मु अ कर समेत असुल गर्नुपर्ने रु

| भौ नं र मिति | योजनाको नाम | निर्माण व्यवसायीको नाम | स्पेसिफिक्सन अनुसार राख्नु पर्ने परिमाण लीटर | राखेको परिमाण लीटर | दर प्रतिलिटर | बढि भुक्तानी | बढी भुक्ती मू अ कर समेत |
|---|---|---|---|---|---|---|---|
| संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम | | | | | | | |
| ३७-३।२३ | वडा नं ९ मा सडक कालोपत्रे | एस आर कन्स्ट्रक्सन | १४६२ | १७०६ | १०५ | २५६२० | २८९५०।६ |
| नगरस्तरीय योजना | | | | | | | |
| २-६।७ | वडा नं २ मा सडक कालोपत्रे | बाबा सलहेस निर्माण सेवा | ३८३८ | ४४७७ | १०० | ६३९०० | ७२२०७ |
| १३-६।२२ | वडा नं १७ मा सडक कालोपत्रे | कृष्ण कन्सट्रक्सन | २०९४ | २४४३ | ८५ | २९६६५ | ३३५२१।४५ |
| २४-८।१ | वडा नं ४ मा सडक कालोपत्रे | अमन कन्स्ट्रक्सन | ४१५८ | ४८५१ | १४० | ९७०२० | १०९६३२।६ |
| ४९-९।१३ | वडा नं १७ मा सडक कालोपत्रे | बबिता निर्माण सेवा | ७६९ | ८९७ | ११० | १४०८० | १५९१०।४ |
| ५४-९।१९ | वडा नं १ सडक कालोपत्रे | बबिता निर्माण सेवा | २६८१ | ३१२९ | ११० | ४९२८० | ५५६८६।४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५८-९।२२ | वडा नं १२ सडक कालोपत्रे | जल्केशवर कन्सट्रक्सन | १७१८ | २००४ | १२० | ३४३२० | ३८७८१।६ | |
| | | | १३३-१२।१ | वडा नं २ सडक कालोपत्रे | जानकी निर्माण सेवा | २३२९ | २७१७ | ९२ | ३५६९६ | ४०३३६।४८ | |
| | | | १९०-१।१४ | वडा नं ९ मा सडक कालोपत्रे | धनुपाधाम निर्माण सेवा | ८१० | ९४५ | ११० | १४८५० | १६७८०।५ | |
| | | | २०१-१।२३ | ठेक्का नं ११।२०७७।७८ | सन्ध्या निर्माण सेवा | १३४२ | १५६६ | १३० | २९१२० | ३२९०५।६ | |
| | | | २०५-२।१२ | ठेक्का नं ५।२०७८।७९ | आचार्य निर्माण सेवा | ३१६७ | ३६९५ | १०५ | ५५४४० | ६२६४७।२ | |
| | | | २०८-२।१६ | ठेक्का नं १४।२०७८।७९ | ठेक्का नं १४।२०७८।७९ | १५१२ | १७६४ | १०५ | २६४६० | २९८९९।८ | |
| | | | २२६-२।१६ | ठेक्का नं ३।२०७७।७८ | कृष्ण कन्सट्रक्सन | ३८६७ | ४५१८ | ८५ | ५५३३५ | ६२५२८।५५ | |
| | | | २७९-३।२० | ठेक्का नं ५।२०७७।७८ | कृष्ण कन्सट्रक्सन | २६६८ | २९६० | ८५ | २४८२० | २८०४६।६ | |
| | | | नपा पुँजिगत तर्फ | | | | | | | | |
| | | | २७४-३।१९ | ठेक्का नं ४-०७८।७९ | धनुषाधाम निर्मण सेवा | २९७६ | ३४७२.७ | ९० | ४४७०३ | ५०५१४।३९ | |
| | | | २०६-१।१६ | ठेक्का नं २-०७८।७९ | ओमसाइ निर्माण सेवा | १६३८ | १९३५.५ | १०० | २९७०० | ३३५६१ | |
| | | | २०५- | ठेक्का नं १-०७८।७९ | ओमसाइ निर्माण सेवा | १८३६ | २१४२ | १०० | ३०६०० | ३४५७८ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१।१४</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२०४-११८</td><td>ठेक्का नं ७-०७८।७९</td><td>धनुषाधाम निर्माण सेवा</td><td>१५२८.८</td><td>१७८३</td><td>११०</td><td>२७९६२</td><td>३१५९७।०६</td></tr>
<tr><td>१९०-११५</td><td>ठेक्का नं ९-०७८।७९</td><td>जलेश्वर कन्सट्रक्सन</td><td>६९६</td><td>८१२</td><td>१००</td><td>११६००</td><td>१३१०८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>७९११९३।२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>
परामर्श सेवा- सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरिएको छ । यो वर्ष परामर्शदातावाट डी पी आर तयार गर्ने कार्य गराइ देहाय वमोजिम भुक्तानी गरेको छ ।
<table>
<tr><th>भौ.नं.मिति</th><th>विवरण</th><th>परामर्शदाता</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४२८-२०७९।३।२०</td><td>मनमोहन अस्पातालको डि पि आर</td><td>आर आर एम कन्सलटेन्सी</td><td>४९९६५८</td></tr>
<tr><td>४४६-२०७९।३।२२</td><td>लखन्देही खोलामा पुल निर्माण</td><td>सखुवा इन्जिनियरिङ कन्सालटेन्सी</td><td>१९७७५००</td></tr>
</table>
(क) परामर्श सेवाको लागी लागत अनुमान तयार गर्दा लाग्ने आवश्यक जनशक्ति निर्धारण सहितको स्वीकृत नर्म्स लेखापरीक्षणमा पेश भएन । यसले गर्दा कार्यालयवाट स्वीकृत लागत अनुमान यथार्थपरक छ भनी एकिन हुन सकिएन ।<br>
(ख) कार्यालयको प्राविधिक जनशक्तीवाट हुन नसक्ने योजना मात्र आउट सोर्सिङ्ग गरी कार्य गराउनु पर्नेमा कार्यालयको जनशक्तीवाट हुन सक्ने नसक्ने एकिन नगरी परामर्शदातावाट कार्य गराएको पाइयो ।
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
पेश्कीमा मूल्य समायोजन- कालिन्जोर खोला पुल निर्माण कार्यमा निर्माण व्यवसायीलाइ हाल सम्म रु. ९,४४,०२,४३१ मूल्याङ्कन गरी भुक्तानी भएको छ । उक्त ठेक्का सम्झौताको scc मा price adjustment shall be adjusted after deduction of advance payment remaining भनी उल्लेख छ । सम्झौता बमोजिम मूल्य समायोजन गणना गर्दा जुन ठेक्का बिल बाट मोबिलाइजेशन रकम कट्टा गरी भुक्तानी गरेको हो सोही बिलको मू.अ.कर बाहेकको रकममा पेश्की रकम घटाई बाकी हुन आउने रकममा एडजस्टमेन्ट फयाक्टरले गणना गरी भुक्तानी गर्नुपर्नेमा उक्त ठेक्कामा सो गरेको पाइएन । उक्त ठेक्काको पहिलो तेस्रो र चौथौं रनिङ्ग विलबाट १ करोड ८१ लाख पेश्की फछ्यौंट गरेकोमा सो रकम सम्बन्धित आइपिसी विल रकमबाट घटाउनुपर्नेमा एकमुष्ट
</td><td>१३६,९४७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पहिलो आइपिसीमा घटाएको पाइयो । यसरी बास्तविक गणना मूल्य समायोजन वापत रु.४६,८४,८३१.४५ भुक्तानी हुनुपर्नेमा ४८,२१,७७९.९ भुक्तानी गरी रु.१,३६,९४७.५ (मू.अ.कर समेत) बढी भुक्तानी गरेको छ । यसरी बढी भुक्तानी भएको असुल हुनुपर्ने रु. | |

| IPC | बिल रकम(भ्याट बाहेक) | वास्तविक पेश्की कट्टा | बाकी मौज्दात | Factor (cpc-1) | price adjustment |
|---|---|---|---|---|---|
| १ | २६३०००७२ | १३३००००० | १३०००००७२.७ | ०.०२०४१ | २६५३३१.४ |
| २ | १४३६२३२४ | ० | १४३६२३२४ | ०.०२२७५ | ३२६७४२.८ |
| ३ | १२८५८२३४ | ३५००००० | ९३५८२३४ | ०.०४३२९ | ४०५११७.९ |
| ४ | १४५८०९१६ | १३००००० | १३२८०९१६ | ०.०५२०५ | ६९१२७१.६ |
| ५ | ६४०९२४७ | | ६४०९२४७ | ०.१२५१३ | ८०१९८९.०८ |
| ६ | ९०३११८१ | | ९०३११८१ | ०.१८३३० | १६५५४१५.४ |
| | | | | जम्मा | ४१४५८६८.५ |
| मू अ कर समेत जम्मा | | | | | ४६८४८३१.४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
